नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल
नं. २६ गण हे.क्वा.पश्चिम नवलपरासी

# पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

सूचना नं.१ (२०८१/०८२)
(प्रथम पटक प्रकाशित मिति २०८१/११/१३ गते)
ने.स.११४५

यस सशस्त्र प्रहरी बल नेपाल नं.२६ गण हे.क्वा.पश्चिम नवलपरासीमा रहेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | विवरण | न्यूनतम जम्मा मूल्य रु. (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुराना जिन्सी सामानहरु | ५४,८६९/- | १०००/- | |

१. ईच्छुक बोलपत्रदाताहरुले २०८१।११।१९ गते सम्म कार्यालय समय भित्र बोलपत्र फाराम (फिर्ता नहुने गरी) रु.१०००/-(एक हजार रुपैया मात्र ) नगदै बुझाई यस गणबाट बोलपत्र खरिद गर्न सकिने छ ।

२. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औ दिन (मिति २०८१।११/२० गते) को १२.०० बजे भित्र यस गणमा बोलपत्र दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको १४.०० बजे मूल्याङ्कन समिति र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. लिलाम बिक्री हुने जिन्सी मालसामानहरु हेर्न वा थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिने छ वा यस गणको फोन नं.९८५१२७२१३५ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ ।

४. बोलपत्रदाताले बोलपत्र जमानत बापत आफूले कबुल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय परासीको धरौटी खाता नं. ३१००१००१०२०३०००० मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस गणको नाममा जारी भएको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

५. बोलपत्र खोल्ने दिन आकस्मिक बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।

६. यस सम्बन्धी सूचना स.प्र.वल नेपालको Website:-www.apf.gov.np मा समेत राखिएको छ ।

७. स्विकृत बोलपत्रदाताले बोलपत्र स्विकृतको जानकारी पाएको ७ सात दिन भित्र आफूले बोलकबोल गरेको रकममा नियमानुसार कर समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु लैजानु पर्ने छ। स्विकृत बोलपत्र दाताले उक्त अवधिमा उठाई नलगेमा बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम कारवाही गरिने छ।

८. बोलपत्र सम्बन्धी सम्पुर्ण अधिकार यस स.प्र.वल नेपाल नं.२६ गण हे.क्वा.पश्चिम नवलपरासीमा निहित रहनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
नं २६ गण हेडक्वार्टर नवलपरासी
बेलासपुर

<u>बोलपत्रका शर्तहरु</u>

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०८१/११/१९ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर रु. १,०००।- (एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी नगदै तिरी श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण हे.क्वा. पश्चिम नवलपरासीबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्रदाताहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०८१/११/२० गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण हे.क्वा. पश्चिम नवलपरासीमा बोलपत्र फाराम दाखिला गरि सक्नुपर्नेछ ।

३. श्री जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधी, ईच्छुक बोलपत्रदाता तथा निजका प्रतिनिधीहरुको रोहवरमा नियमानुसार दर्ता भएका सिलवन्दी बोलपत्र फारामहरु बोलपत्र खोलुवा समिति समक्ष प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०८१/११/२० गते) को १४:०० बजे सशस्त्र प्रहरी बल, नेपाल नं.२६ गण हे.क्वा.पश्चिम नवलपरासीमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदाको लगत्तै पछिको कार्यालय खुलेको पहिलो दिन सोहि समयमा गरीनेछ ।

४. तोकिएको मिति र समय भन्दा पछि प्राप्त हुन आउने बोलपत्र फारामलाई दर्ता गरिने छैन र सो बोलपत्र फाराम उपर कुनै कारवाही गरिने छैन ।

५. <u>बोलपत्र संशोधन र फिर्ता:-</u>

क) बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति र समय भन्दा अगावै नियमानुसार संशोधन वा फिर्ता लिन सक्नेछन् ।

ख) बोलपत्रदाताको संशोधन वा फिर्ताको सूचना तयार पारी, संकेत गरी चलानी गरिएको हुनुपर्छ र खामको बाहिरी रीतपूर्वक "फिर्ता" वा "संशोधन" भन्नी उल्लेख गर्नु पर्नेछ ।

ग) बोलपत्र दाखिला गर्ने म्याद समाप्त भए पश्चात संशोधन वा फिर्ता लिन पाईने छैन । समय समाप्त भएपछि बोलपत्रदाताले फिर्ता लिनको लागि अनुरोध गरेमा कानून बमोजिम कारवाही गरिनेछ ।

६. <u>बोलपत्र जमानत:-</u>

(क) बोलपत्रदाताले बोलपत्र फाराममा आफुले कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बलको कार्यालय कोड नं.३१४०५४७०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, पश्चिम नवलपरासीको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयको धरौटी खाता नं. ३१००१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(ख) बोलपत्र जमानत पेश नगरेको बोलपत्रलाई अप्रभावग्राही मानी अस्वीकृत गरीनेछ ।

(ग) सफल बोलपत्रदाताले कुल बुझाउन पर्ने रकम यस कार्यालयमा दाखिला गरे पश्चात अन्य बोलपत्रदाताहरुको बोलपत्र जमानत फिर्ता गरीनेछ ।

७. बिक्री गरिने पुराना जिन्सी मालसामानहरुको नियमानुसार लाग्ने करहरु बाहेक जम्मा न्यूनतम मूल्य ५४,८२९।- (रु. चौउन्न हजार आठ सय उनन्तिस रुपैयाँ मात्र) कायम गरीएको छ ।

८. लिलाम विक्रीको लागि राखिएको पुराना जिन्सी मालसामानहरु हेर्न ईच्छुक बोलपत्रदाताहरुले कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२६ गण हे.क्वा पश्चिम नवलपरासीमा सम्पर्क राखी हेर्न सकिनेछ ।

९. बोलपत्र फाराममा कबोल अंक रकम (मु.अ.कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र फाराममा मूल्य कबोल गर्दा न्यूनतम मूल्यमा नघटाई पेश गर्नु पर्नेछ र न्यूनतम मूल्य भन्दा माथी रितपूर्वक दर्ता भएका बोलपत्र मध्ये सबै भन्दा बढी मूल्य कबोल गर्ने ब्यक्ति, फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिने छ । स्वीकृत गरीएको जानकारी पत्र सम्बन्धित सकारकर्तालाई दिईएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी समानहरु उठाई लैजानु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी बोलपत्र जमानत बापतको रकम जफत गरीनेछ ।

११. लिलाम सकारकर्ताले नियमानुसार राखेको बोलपत्र जमानत उक्त जिन्सी मालसामानहरु उठाई लगे पश्चात मात्र फुकुवा गरीनेछ ।.

१२. लिलाममा भाग लिन चाहने ब्यक्तिले नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र करचुक्ता पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१३. लिलाम गरीने पुराना जिन्सी मालसामान यस कार्यालयमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

१४. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. यस बोलपत्रमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।

<u>लिलाम बिक्री गरिने जिन्सी सामानहरुको विवरण</u> :-

| सि.नं. | विवरण | ईकाई | परिमाण | कै. |
|---|---|---|---|---|
| १. | पारदर्शी ढाला | थान | ३० | |
| २. | प्लाष्टिक हेल्मेटको भईजर | गोटा | १२६ | |
| ३. | पानी तान्ने मोटर | गोटा | ४ | |
| ४. | कम्प्युटर सेट | थान | २ | |
| ५. | प्रिन्टर मेसिन | थान | २ | |
| ६. | फोटो कपि मेसिन | थान | १ | |
| ७. | स्टोप्लाईजर | थान | ४ | |
| ८. | सिलिङ्ग पंखा | थान | ३७ | |
| ९. | प्लाष्टिक कुर्सी | गोटा | १५ | |
| १०. | रिवालिङ्ग कुर्सी | गोटा | ४ | |
| ११. | सर्च लाईट | गोटा | १६ | |
| १२. | टर्च लाईट | थान | २० | |
| १३. | मेघाफोन | थान | ४ | |
| १४. | ग्याँस चुलो | थान | ५ | |
| १५. | ईन्भटर | थान | १ | |
| १६. | क्यामोफ्लाईज ईक्युपमेन्ट सेट | थान | १० | |
| १७. | फलामको डाडु | गोटा | १ | |
| १८. | वईट मेसिन | गोटा | २ | |
| १९. | स्टेन फेन | थान | १ | |
| २०. | पवार सप्लायर | गोटा | १ | |
| २१. | फलामको कराई | गोटा | ३ | |
| २२. | स्टिल थाल | गोटा | ३० | |
| २३. | सिल्भर ड्रम ठुलो | गोटा | १ | |
| २४. | स्टिल बाटा | गोटा | १ | |
| २५. | फ्रिज | गोटा | १ | |
| २६. | प्रेसर कुकर | गोटा | १ | |
| २७. | स्टिल गिलास | गोटा | ५० | |
| २८. | स्टिल जग | गोटा | ६ | |
| २९. | टुम्लेट | गोटा | १० | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | स्टिल कचौरा | गोटा | ३० | |
| ३१. | स्टिल चम्चा | गोटा | ३० | |
| ३२. | १२ भो.११५ यम्पियर व्याट्रि | गोटा | २ | |
| ३३. | १२ भो. १०० यम्पियार ब्याट्री | गोटा | ६ | |
| ३४. | १२ भो.९० यम्पियार ब्याट्रि | गोटा | १ | |
| ३५. | १२ भो. ४२ यम्पियार ब्याट्री | गोटा | २ | |
| ३६. | १२ भो. ७ यम्पियार ब्याट्री | गोटा | २ | |
| ३७. | प्लाष्टिक लाठी | गोटा | १५ | |
| ३८. | १२/१८ पाल (किल्ला/डण्डी) | थान | १ | |
| ३९. | १४/२० पाल (किल्ला/डण्डी) | थान | १ | |
| ४०. | १०/१२ पाल (किल्ला/डण्डी) | थान | ११ | |
| ४१. | क्याम्पिङ्ग टेन्ट पाल (किल्ला/डण्डी) | थान | १ | |
| ४२. | चाईनिज पाल (किल्ला/डण्डी) | थान | ४ | |
| ४३. | सि.सि.क्यामरा | थान | १ | |

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
नं. २६ गण हेडक्वार्टर पश्चिम नवलपरासी

फाराम नं.........
फाराम दस्तुर रु १,०००।-

## सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण हे.क्वा.पश्चिम नवलपरासी

(प्रबन्ध शाखा)

### लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम

| सि.नं. | पुराना जिन्सी सामानहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु (मू.अ.कर बाहेक) | नियमानुसार लाग्ने कर बाहेक कबोल रकम रु. (अङ्कमा) | कै. |
|---|---|---|---|---|
| १. | पारदर्शी ढाला, प्लाष्टिक हेल्मेटको भईजर, पानी तान्ने मोटर, कम्प्युटर सेट, प्रिन्टर मेसिन, फोटो कपि मेसिन ,स्टोप्लाईजर, सिलिङ्ग पंखा, प्लाष्टिक कुर्सी, रिवालिङ्ग कुर्सी, सर्च लाईट, टर्च लाईट, मेघाफोन, ग्यांस चुलो, ईन्भटर, क्यामोफ्लाईज ईक्युपमेन्ट सेट, फलामको डाडु, वेट मेसिन, स्टेन फेन, पवार सप्लायर, फलामको कराई, स्टिल थाल, फ्रिज, प्रेसर कुकर, स्टिल गिलास, स्टिल जग, टुम्लेट, स्टिल कचौरा, स्टिल चम्चा,१२ भो.११५ यम्पियर ब्याट्री,१२ भो. १०० यम्पियार ब्याट्री,१२ भो.९० यम्पियार ब्याट्री,१२ भो. ४२ यम्पियार ब्याट्री,१२ भो. ७ यम्पियार ब्याट्री, प्लाष्टिक लाठी, सि.सि.क्यामरा,१२/१८ पालको डण्डी,१४/२० पालको डण्डी,१०/१२ पालको डण्डी, क्याम्पिङ्ग टेन्ट पालको डण्डी, चाईनिज पाल | ५४,८६९।- (रु. चौउन्न हजार आठ सय उनतिस रुपैया मात्र) | | |

कबोल रकम रु. अक्षरमा:-

दस्तखत:-

बोलपत्र पेश गर्नेको नाम:-

ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम:-

फर्म, संस्था वा कम्पनीको छाप:-

ठेगाना:-

सम्पर्क नं.

ईमेल ठेगाना:-